NCE NEPAL

# कोरोना कहरमा एनसिई नेपालको पहल

कोभिड-१९ विशेष समाचारपत्र अंक ५




*एनसिई दोलखाद्वारा आयोजित लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रममा बोल्दै एक छात्रा*

## पृष्ठभूमि

कोरोना महामारीका कारणले बन्द भएका विद्यालयहरु पुनः सञ्चालन गर्न सरकारले *विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ जारी गरेको छ ।* उक्त कार्यढाँचा *अनुरुप* स्थानीय सरकारको पहलमा विद्यालयहरु पुनः सञ्चालन हुने क्रममा रहेका छन । विद्यार्थीहरुको सिकाइ निरन्तरतामा सहयोग पुर्‍याउने उद्देश्यले शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) ले स्थानीय, प्रदेश र सङ्घीय स्तरमा विभिन्न संवाद र बहस कार्यक्रमद्वारा रचनात्मक सुझावहरु प्रदान गर्दै आएको छ । अनुसन्धान र तथ्यमा आधारित यस्ता बहस तथा पैरवीले बालबालिकाहरुको सिकाइ निरन्तरतामा देखिएका चुनौती, सवाल र समाधानका उपायहरु माथि विमर्श गर्न सहयोग पुगेको छ ।

एनसिई नेपाल, यसका सदस्य संस्थाहरु र जिल्ला समन्वय समितिहरुबाट नेपालको सार्वजनिक शिक्षा सुदृढीकरणको अभियानमा सञ्चालन गरिएका गतिविधिहरुलाई आम सरोकारवालाहरु समक्ष पुर्‍याउने उद्देश्यले नियमित समचारपत्रहरु प्रकाशन गर्दै आइरहेको छ । कोरोना महामारीको समयमा समुदाय, स्थानीय, प्रदेश र सङ्घीय स्तरमा सिकाइ निरन्तरताको लागि सञ्चालन गरेका अभियानहरु, पहल तथा गतिविधिहरु समटेर समाचारपत्रको यो पाचौँ अङ्क प्रकाशन गरेका छौँ ।

यस अवधिहरुमा एनसिई नेपालले एनसिई जिल्ला समन्वय समितिको सहकार्यमा विभिन्न रेडियो बहस, अनलाईन संवाद कार्यक्रम, सरोकारवालाहरूसँग प्रत्यक्ष अन्तरक्रिया कार्यशाला गोष्ठीहरु सम्पन्न गरेको छ । साथै शिक्षा पाउनु सबै बालबालिकाहरुको मानव अधिकार हो र नेपालको संविधानले समेत मौलिक हकको रुपमा शिक्षाको अधिकारलाई सुनिश्चित गरेको अवस्थामा जस्तो सुकै परिस्थितिमा पनि बालबालिकाहरुको शिक्षा तथा सिकाइको अधिकार सुनिश्चित हुनु पर्दछ र शिक्षा र सिकाइको अधिकारलाई मानव अधिकारको रुपमा स्वीकार्नु पर्दछ भन्ने विषयलाई स्थापित गर्न **अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको** अवसरमा 'शिक्षा अधिकार मानव अधिकार' भन्ने अभियान समुदाय र स्थानीय तहमा सञ्चालन गरेको छ । यस अभियानमा एनसिई नेपालका २३ जिल्ला समन्वय समितिहरुले विभिन्न छलफल, अन्तरक्रिया, दवावमूलक गतिविधिहरु, भेटघाट र ज्ञापन पत्र प्रस्तुत जस्ता क्रियाकलापहरु सम्पन्न गरेका छन् ।

# सार्वजनिक शिक्षामा कोरोना महामारीको असर: नागरिक अनुगमन तथा अनुसन्धान

कोरोना महामारीले नेपालका सार्वजनिक विद्यालय र लाखौँ बालबालिकाहरुको सिकाइ निरन्तरतामा के कस्तो असर पारेको छ, सरकारले सञ्चालन गरेका सिकाइ निरन्तरताका वैकल्पिक उपायहरुको प्रभावकारीता कस्तो छ, स्थानीय सरकार तथा जनप्रतिनिधिहरुले के कस्ता पहल गरेका छन, साथै शिक्षक, अभिभावक तथा नागरिक समाजको पहल तथा सक्रियता के कस्तो रहेको छ भन्ने तथ्य उजागर गर्न र नागरिक समाजको तर्फबाट सुझाव तथा सिफारिसहरु सरकारलाई प्रस्तुत गर्ने उद्देश्यले एनसिई नेपालले एक अनुसन्धान सम्पन्न गरेको छ । ७ वटै प्रदेशका विभिन्न भौगोलिक क्षेत्रलाई समेट्ने जिल्लाहरु झापा, पर्सा, चितवन, पर्वत, रुपन्देही, दैलेख र बाजुराका नगरपालिका र गाँउपालिका भित्र रहेका स्थानीय तह अन्तरगतका विद्यालय, अभिभावक, विद्यार्थी, शिक्षक, स्थानीय जनप्रतिनिधि र नागरिक समाजहरुलाई अनुसन्धान प्रक्रियामा सहभागी गराई सम्पन्न गरिएको अनुसन्धानले वैकल्पिक सिकाइका अवसरहरुबाट बालबालिकाहरुको वञ्चितिकरण, अनलाइन सिकाइले सृजना गरेको प्रविधि विभेद, परिवारको आर्थिक सामाजिक क्षेत्रमा परेको असर, सिकाइ प्रक्रियामा अभिभावकको सचेतना र सहभागिता र सिकाइ निरन्तरतामा शिक्षक समुदायको नेतृत्व र पहल कदमी जस्ता विषयमा विभिन्न तथ्यहरु उजागर गरेको छ । यस अनुसन्धानले करिव ६६ प्रतिशत बालबालिकाहरु सिकाइको कुनै पनि वैकल्पिक माध्यमको पहुँचमा आउन नसकेको, ६४ प्रतिशत बालबालिका गुणस्तरीय सिकाइबाट वञ्चित रहेको जस्ता महत्त्वपूर्ण तथ्य सार्वजनिक गरेको छ । साथै, बालबालिकाको सिकाइ निरन्तरता र सुनिश्चितताका निमित्त स्थानीय सरकार र नागरिक समाज सङ्गठनबिच समन्वयको कमी रहेको, ५५ प्रतिशत शिक्षकहरूले मात्र वैकल्पिक शिक्षणका लागि तालिम प्राप्त गरेको, अभिभावक शिक्षाको कमि रहेकाले २५ प्रतिशत अभिभावकले कहिल्यै पनि बालबालिकाको सिकाइमा सहयोग पुर्‍याउन नसकेको र ९४ प्रतिशत अभिभावकहरूले महामारीको समयमा अभिभावकीय शिक्षाको कुनै पनि रुप प्राप्त नगरेको अनुसन्धानले देखाएको छ ।

# अनुसन्धानका तथ्य र सरोकारवालाहरुको धारणा




कोरोना महामारीले बालबालिकाहरुको सिकाइमा पारेको प्रभाव र समग्र सार्वजनिक शिक्षाको असर सम्वन्धमा सम्पन्न भएको अनुसन्धान र त्यसका तथ्यहरुको विषयमा आम सरोकारवालालाई जानकारी गराउने उद्देश्यले एनसिई नेपालले बहस कार्यक्रम सम्पन्न गरेको छ । उक्त बहस कार्यक्रममा विभिन्न तहका सरकारका प्रतिनिधिहरु, शिक्षक, अविभावक, नागरिक समाज, पत्रकार, अनुसन्धानकर्ता, शिक्षाविद् र एनसिई नेपालका विभिन्न २५ जिल्ला समन्वय समितिहरुका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा अनुसन्धानकर्ताको तर्फबाट डा. सुरेश गौतम र डा. इन्द्र याम्फुले अनुसन्धानको प्राप्त निष्कर्ष प्रस्तुत गर्नु भएको थियो । शिक्षाविद् प्रा. डा. विद्यानाथ कोइराला, एनसिई नेपालका पूर्व अध्यक्षहरु श्री बाबुकाजी श्रेष्ठ र श्री राज कुमार गन्धर्भले अनुसन्धानको निष्कर्षमाथि टिप्पणी गर्नु भएको थियो । टिप्पणीकर्ताहरुले अनुसन्धानमा नागरिक सङ्गठनहरूले विद्यालय, समुदाय र स्थानीय सरकारसँग गरेको सहकार्य, विभिन्न सरकारहरुको समन्वय, स्रोत र प्रविधिको अभाव जस्ता कुराहरु समेट्नु पर्ने कुरामा जोड दिनुभयो ।



*हुप्सेकोट गाउँपालिका, नवलपूरका अध्यक्ष लक्ष्मी पाण्डे कार्यक्रममा आफ्नो मन्तव्य राख्दै*

कार्यक्रममा हुप्सेकोट गाउँपालिका, नवलपुरका अध्यक्ष श्री लक्ष्मी पाण्डेले कोरोना महामारीको क्रममा बालबालिकाको शिक्षालाई निरन्तरता दिन स्थानीय सरकारले बिस-बुँदे कार्ययोजना तयार पारी शिक्षकहरूका लागि कम्प्युटर तालिम, सिफ्टमा कक्षा सञ्चालन, रेडियोद्वारा शैक्षिक कार्यक्रम प्रसारण, विद्यार्थी अभिभावक परामर्श जस्ता कार्यक्रम अवलम्बन गरिसकेको बताउनु भयो । साथै गौरीशङ्कर गाउँपालिका, दोलखाका उपाध्यक्ष श्री. उर्मिला थामीले बालबालिकाको शिक्षा सुनिश्चित गर्न स्थानीय सरकारले विभिन्न शिक्षा सम्बन्धी कार्यक्रम र परियोजना तयार पारी शिक्षकहरूद्वारा समुदायमा टोल शिक्षा सञ्चालन भएको र निम्न वर्गका विद्यार्थीहरूलाई आर्थिक सहयोग पनि गरेको बताउनु भयो । त्यसैगरी मर्स्याङ्दी गाउँपालिका, लमजुङ्का उपाध्यक्ष श्री. होम बहादुर बि.क.ले भौगोलिक विकटता भएको स्थानमा विद्यार्थीहरूलाई सिकाइ प्रक्रियामा जोड्न स्थानीय सरकारले समुदायमा सानो समूहमा कक्षा चलाउन स्थानीय शिक्षकहरूलाई परिचालन गरेको र विशेष गरी कक्षा ८, ९ र १० का विद्यार्थीलाई भर्चुवल कक्षामा संलग्न गराउन विद्यालय र स्थानीय सरकार सक्रिय रहेको जानकारी गराउनु भयो ।

# एनसिईं जिल्ला समन्वय समितिद्वारा सम्पन्न क्रियाकलापहरु

## रेडियो बहसमा शिक्षा र सिकाइ निरन्तरता




*रेडियो बहस कार्यक्रम-एनसिई जि.स.स. कपिलवस्तु*

एनसिई जिल्ला समन्वय समिति पाल्पा, नवलपुर, कपिलवस्तु, धनुषा, मकवानपुर, दैलेख र बाजुरा जिल्लाको सहकार्यमा यस अवधिमा कोरोना महामारी र सिकाइ निरन्तरता शिक्षा सम्बन्धी रेडियो संवाद कार्यक्रम सम्पन्न भएका छन् । विद्यालय पुनः सञ्चालनको अवस्था, यसमा ध्यान दिनुपर्ने कुरा र यस सम्बन्धी स्थानीय तहले गरेका राम्रा अभ्यास, वैकल्पिक सिकाइका उपायहरु, महामारीको कारण बालबालिकाहरूमा परेको मनोवैज्ञानिक प्रभाव, बालिका शिक्षा, लैङ्गिक हिंसा, मानव अधिकार र शिक्षा जस्ता महत्वपूर्ण विषयहरूमा सरोकारवालाहरुमा छलफल गरी नागरिक समाजको तर्फबाट वकालत तथा पैरवी गर्ने काम सम्पन्न भएको छ ।

रेडियो संवादको माध्यमबाट स्थानीय तहका प्रतिनिधि, नगर स्तरीय शिक्षा समितिका सदस्य, स्थानीय सरकारका शिक्षा शाखा प्रमुख, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, प्रधानाध्यापक, बाल अधिकारकर्मी, शिक्षक, नागरिक समाजका प्रतिनिधि, अभिभावक, पत्रकार शिक्षाविद्, सामाजिक अभियन्ता र एनसिई नेपालका सदस्यहरूलाई अभियानमा जोड्न सघाउ पुगेको छ ।

## अनलाइन बहस तथा संवाद




*अनलाइन बहस कार्यक्रम- एनसिई जि.स.स. पाल्पा*

कोभिड महामारीबिच बालबालिकालाई कसरी शिक्षामा निरन्तर जोड्ने र यो विषम परिस्थितिमा बालबालिकाको शिक्षा अधिकार र संरक्षणको सुनिश्चिततामा ध्यानाकर्षण गर्न र यसमा विभिन्न सरोकारवालाको भूमिका के रहन्छ भन्नेबारे छलफल गर्नुका साथै आगामी दिनको शिक्षा रणनीति तयार पार्ने उद्देश्यका साथ सम्बन्धित सरोकारवालासँग अन्तरक्रिया गर्न अनलाइन बहस तथा संवाद कार्यक्रम जिल्ला समन्वय समिति पाल्पा, पर्सा र दैलेखले आयोजना गरेका थिए । कार्यक्रममा विद्यालय पुनः सञ्चालन, सिकाइ निरन्तरतामा युवा संलग्नता, शिक्षक तालिम र तयारी, बालमैत्री स्थानीय शासनको अभ्यास, महिला जनप्रतिनिधिले शिक्षा र बालबालिकाको क्षेत्रमा गरेका काम जस्ता विषयहरूमा सञ्चालन भएका छलफलहरुमा शिक्षा विकास र समन्वय इकाइ प्रमुख, स्थानीय सरकारका शिक्षा अधिकृत, जनप्रतिनिधि, युवा नेता, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक सङ्घ, बाल हेल्पलाइन, बालमैत्री स्थानीय शासन फोरमका प्रतिनिधि, पत्रकार, अधिवक्ता, मनोपरामर्शकर्ता, नेपाल पुलिस, नागरिक समाज सङ्गठन र एनसिई नेपालका सदस्यहरूको सक्रिय सहभागिता

थियो । अनलाइन बहस कार्यक्रमले सिकाइ निरन्तरताको लागि वैकल्पिक उपायहरू अवलम्बन गर्न जनप्रतिनिधिहरूसँग पैरवी तथा सहकार्य बढेको छ ।

# शिक्षा अधिकार : बालअधिकार विषयक अन्तरक्रिया कार्यक्रम




*अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा आयोजित अन्तरक्रिया कार्यक्रम- एनसिई जि.स.स. दैलेख*

एनसिई जिल्ला समन्वय समिति पाल्पा र दैलेखले स्थानीय सरकार र जिल्लामा क्रियाशील नागरिक सङ्गठनहरुको सहकार्यमा ३१ औं अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरेका छन् । यी कार्यक्रममा बालबालिका र उनीहरूको शिक्षाको अवस्था, बालअधिकार, जिल्लामा बाल हिंसाको अवस्था, बालबालिका सम्बन्धी विभिन्न ऐन, कानुनको उचित कार्यान्वयनको अवस्था, विद्यालय तथा समाजमा बालमैत्री वातावरणको सिर्जना जस्ता विषयवस्तु बारे प्रष्ट पार्दै त्यसका लागि सरोकारवालाको भूमिका र सहकार्यको विषयमा छलफल भएको थियो ।

यी कार्यक्रम तलको लिङ्क मार्फत हेर्न सकिन्छ::

https://www.facebook.com/watch/live/?v=897030834163117&ref=watch_permalink

# शिक्षा अधिकार: मानव अधिकार



*सरोकारवालाहरुसँग गोष्ठी- एनसिई जि.स.स. सुर्खेत*

शिक्षा पाउनु सबै बालबालिकाहरुको मानव अधिकार हो र नेपालको संविधानले समेत मौलिक हकको रुपमा शिक्षाको अधिकारलाई सुनिश्चित गरेको अवस्थामा जस्तो सुकै परिस्थितिमा पनि बालबालिकाहरुको शिक्षा तथा सिकाइको अधिकार सुनिश्चित हुनु पर्दछ र शिक्षा र सिकाइको अधिकारलाई मानव अधिकारको रुपमा स्वीकार्नु पर्दछ भन्ने विषयलाई स्थापित गर्न ७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा 'शिक्षा अधिकार मानव अधिकार' भन्ने अभियान समुदाय र स्थानीय तहमा सञ्चालन भएको छ । यस अभियानमा एनसिई नेपालका २३ जिल्ला समन्वय समिति र सदस्य संस्थाहरू : उदयपुर, बारा, सिराहा, पर्सा, धनुषा, मकवानपुर, चितवन, सिन्धुपाल्चोक, दोलखा, नवलपुर, पर्वत, बाँके, लमजुङ, दाङ, दैलेख, सुर्खेत, कपिलवस्तु, पाल्पा, कालिकोट, डोटी, बाजुरा, कैलाली र अछाममले विभिन्न



*सहभागीहरुको सामूहिक तस्बीर- एनसिई जि.स.स. उदयपुर*



*सम्वाद कार्यक्रम- एनसिई जि.स.स. सिराहा*

छलफल, अन्तरक्रिया, दवावमूलक गतिविधिहरु, भेटघाट र ज्ञापन पत्र प्रस्तुत जस्ता क्रियाकलापहरुबाट मानव अधिकार दिवस भव्यतापूर्वक सम्पन्न गरेका छन । यी कार्यक्रममा मानव अधिकारको दृष्टिकोणबाट बालबालिका र शिक्षाको हालको अवस्था, लैङ्गिक समानता र हिंसा, महामारीको बिच शिक्षाको अधिकार सुनिश्चित गर्न विभिन्न सरोकारवालाका पहलहरू, विषेशगरी सीमान्तकृत समुदायका बालबालिकाहरूलाई निरन्तर शिक्षामा पहुँच, स्थानीय शिक्षा नीति र अभ्यास, बाल अधिकार, बालिका शिक्षा, वैकल्पिक सिकाइ र आगामी दिनमा शिक्षा क्षेत्रलाई उकास्न के-कस्ता रणनीति बनाउनु पर्दछ जस्ता कुरामा व्यापक छलफल भएको थियो ।



*स्रोत व्यक्तिद्वारा कार्यपत्र प्रस्तुत गरिँदै- एनसिई जि.स.स. लम्जुङ*

जिल्ला समन्वय समितिको सहकार्यमा सम्पन्न यस अभियानमा स्थानीय तहका जनप्रतिनिधि, शिक्षाविद्, राजनीतिक व्यक्ति, स्थानीय तहका शिक्षा शाखा प्रमुख, नगर शिक्षा समिति, शिक्षाकर्मी, मानव अधिकारकर्मी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, सञ्चारकर्मी तथा पत्रकार, शिक्षक, अभिभावक, युवा, विद्यार्थी गरी करिब आठ सय जनाको ऐक्यबद्धता रहेको थियो ।



*अन्तरक्रिया कार्यक्रम- एनसिई जि.स.स. कालिकोट*

# लैङ्गिक हिंसा न्यूनिकरणमा शिक्षा



लैङ्गिक हिंसा बिरुद्ध जनचेतनामूलक कार्यक्रम- एनसिई जि.स.स. बाजुरा

शिक्षा र चेतनाको कमी हुँदा लैङ्गिक हिंसा बढ्ने र हिंसाको कारण बालबालिकाहरू त्यसमाथि विशेषगरी बालिकाहरू शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था हाम्रो समाजमा देखिन्छ । यस्तो अवस्थामा शिक्षाद्वारा महिला, पुरूष, किशोर किशोरी तथा बालबालिकालाई कसरी सशक्तिकरण गर्न सकिन्छ र लैङ्गिक हिंसा न्यूनीकरणमा शिक्षाले कस्तो सहयोग पुर्‍याउन सक्दछ भन्नेबारे छलफल गर्ने उद्देश्यका साथ एनसिई दोलखा, नवलपुर र दैलेखले लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान अन्तर्गत विभिन्न कार्यक्रम आयोजना गरेका थिए । जसमा लैङ्गिक हिंसा न्यूनीकरणका सवालमा वर्तमान कानुनी प्रावधान र व्यवाहारिक चुनौतीहरू सम्बन्धी अन्तरक्रिया कार्यक्रम, लैङ्गिक हिंसा विरूद्धको अभियानमा बालबालिका र किशोर किशोरीको भूमिका बारे वक्तृत्वकला प्रतियोगिता र मर्यादित महिनावारी सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भएका छन् । त्यसैगरी पिसविन बाजुराको आयोजनामा अछाम, कैलाली र बाजुरा जिल्लामा महिला हिंसा, सुरक्षित सिकाइ, मदिरा सेवनले महिला हिंसा र किशोर किशोरीको शिक्षामा पारेको प्रभाव जस्ता विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । यी कार्यक्रमले समाजमा विद्यमान लैङ्गिक हिंसाको अवस्था, यसले बालबालिकाको शिक्षा लगायत समग्र विकासमा पारेको असर र महिला तथा बालिकाहरु माथि हिंसा न्यूनीकरण गर्न अपनाउन सकिने उपायहरुको बारेमा सहभागी बिच विचार तथा अनुभव आदान प्रदान गर्ने अवसर प्रदान गरेको छ ।

# प्रौढ सिकाइ र शिक्षा सम्बन्धी अन्तरक्रिया




*सहभागीहरु प्रौढ शिक्षा र सिकाइ बारे छलफल गर्दै- एनसिई जि.स.स. पर्वत*

नेपालमा प्रौढ सिकाइ र शिक्षा सम्बन्धी कार्यक्रमहरू साक्षरता कार्यक्रममा नै सिमित छन् । साक्षरता हासिल गरेका जिल्लाहरूमा पनि प्रौढ सिकाइका कार्यक्रमहरू रहेको पाइँदैन । यसै सन्दर्भमा स्थानीय तहमा प्रौढ सिकाइ र शिक्षामा भएका राम्रा अभ्यास तथा नीति र योजनाका बारेमा छलफल गर्ने उद्देश्यका साथ पर्सा, पाल्पा, पर्वत, नवलपुर, कैलाली, बाजुरा र अछाम गरी सात वटा जिल्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । यसप्रकारका कार्यक्रम प्रवर्द्धनका लागि आवश्यक कार्य के हुन सक्दछ, यसले रोजगारीमा वृद्धि, गरिवी न्यूनीकरण र दिगो विकासका केही लक्ष्य प्राप्ति गर्न कसरी सहयोग पुऱ्याएको छ साथै कोरोना महामारीबाट यसमा पर्न गएको असर बारेमा कार्यक्रममा सहभागीहरू बिच विचार आदान प्रदान र छलफल गरिएको थियो । अन्तरक्रिया कार्यक्रममा सामुदायिक सिकाइ केन्द्र, प्रौढ साक्षरता कक्षा, व्यवसायिक तालिम लगायत अन्य अनौपचारिक शिक्षाका सहभागीहरु थिए ।

# युवा स्वरोजगार र शिक्षा बारे अभिमुखीकरण



*सहभागीहरु शिक्षा अभियानमा युवाको भूमिकाबारे छलफल गर्दै - एनसिई जि.स.स. पर्सा*

युवाको सशक्तिकरण र शिक्षा अधिकारको अभियानमा युवाहरूको सहभागिता सुनिश्चित गर्ने उद्देश्यका साथ एनसिई पाल्पा, पर्सा र पर्वतको आयोजनामा युवाहरूसँग छलफल तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा युवाहरूले विद्यालयमा बालमैत्री व्यवहार, प्रविधिमैत्री शिक्षण, शिक्षामा स्थानीय सरकारको कम लगानी, शिक्षक तालिम, शिक्षामा राजनीति जस्ता शिक्षाका स्थानीय सवालहरू र त्यसमा उनीहरूको कस्तो भूमिका हुन सक्छ भन्नेबारे छलफल गर्नुका साथै संयुक्त कार्ययोजना समेत तयार पारेका छन् । कार्ययोजनामा उनीहरूले आफ्नो नजिकको विद्यालयमा यी विषयमा छलफल तथा अवलोकन गर्ने, शिक्षा सरोकारवालालाई यस्ता विषयमा जवाफदेही बनाउने र स्थानीय शिक्षाका मुद्दामा चासोका साथ अघि बढेर समग्र सार्वजनिक शिक्षा सुदृढीकरणको अभियानमा आबद्ध हुने जोस र प्रतिबद्धता समेत जनाएका थिए ।

त्यसैगरी दाङमा वैदेशिक रोजगारीबाट फर्केर आएका युवालाई जीवनयापनका लागि स्वरोजगार र उद्यमशीलतातिर कसरी जोड्न सकिन्छ भन्ने विषयमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सहजकर्ताद्वारा सिप र व्यवसाय, राष्ट्रिय युवा परिषदको उद्यमशीलता सम्बन्धी परियोजनाहरू, युवा स्वरोजगारको लागि ऋण लिँदा आवश्यक पर्ने कागजात लगायत विभिन्न विषयमा सहभागीहरूलाई जानकारी प्रदान गरिएको थियो ।

# राजनीति र शिक्षा सम्बन्धी गोष्ठी




*महिला जनप्रतिनिधिसँग राजनीति र शिक्षा बारे सम्वाद कार्यक्रम- एनसिई जि.स.स. पाल्पा*

शिक्षालाई कसरी राजनीतिक मुद्दा बनाउन सकिन्छ, राजनीतिक दलका नेताको सार्वजनिक शिक्षा सुदृढीकरणमा के-कस्तो भूमिका हुन्छ, महिला जनप्रतिनिधिले शिक्षा ,स्वास्थ्य र बालअधिकारको सुनिश्चितताका लागि गरेका प्रयास जस्ता विषय समेटेर एनसिई धनुषा र पाल्पामा राजनीतिक दलका नेता र महिला जनप्रतिनिधिसँग छलफल गोष्ठी आयोजना गरिएको थियो । धनुषामा आयोजित कार्यक्रममा नेपाली काङ्ग्रेसका प्रदेश नं.२ का प्रदेश सांसद राम सरोज यादव सहभागी हुनुभएको थियो जसमा उहाँले विद्यालय व्यवस्थापन समिति गठन र शिक्षक भर्ना लगायतको काम उल्लेख गर्दै शिक्षामा गलत राजनीतिकरण भइरहेको बताउनुभयो ।



*राजनीति र शिक्षा सम्वन्धी कार्यक्रममा सहभागीहरु छलफल गर्दै - एनसिई जि.स.स. धनुषा*

पाल्पामा विद्यार्थी नेताहरूले राजनीतिले शिक्षालाई सही मार्गदर्शन गर्न नसकेको कुरा व्यक्त गर्दै समाजवाद उन्मुख शिक्षा नीति हुनुपर्नेमा जोड दिएका थिए भने महिला जनप्रतिनिधि (पालिका उपप्रमुख) ले न्यायिक क्षेत्रमा गरेका उल्लेखनीय क्रियाकलापबारे आफ्ना अनुभव सुनाउनुका साथै राजनीतिमा महिला कसरी अघि बढ्न सक्छन् भनी आफ्ना धारणा राखेका थिए । यी कार्यक्रम मार्फत शिक्षालाई राजनीतिक मुद्दा बनाइनु पर्दछ र देशको सार्वजनिक शिक्षा सुदृढीकरणमा राननीतिक दल र नेताको विशेष भूमिका हुनुपर्दछ भन्ने सन्देश दिन खोजिएको छ ।

उक्त कार्यक्रम तलको लिङ्क मार्फत हेर्न सकिन्छः

https://www.facebook.com/chhabilal.subedi.14/videos/2719217254962299
https://www.facebook.com/chhabilal.subedi.14/videos/2722362614647763

# दिगो विकास लक्ष्य ४.७ मा छलफल तथा अभिमुखीकरण

विशेष गरी विपत्मा शिक्षा अधिकारको सुनिश्चितता र बालकालिकाको निरन्तर शिक्षा र सिकाइलाई जोड दिंदै एनसिई र पिसविनको आयोजनामा बाजुरा, कैलाली र अछाम जिल्लामा दिगो विकास लक्ष्य ४.७ सम्बन्धी छलफल तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा दिगो विकास लक्ष्य ४.७ लाई स्थानीय तहको नीति नियमसँग कसरी जोड्न सकिन्छ, यसमा स्थानीय तहमा के कस्तो अभ्यास भइरहेको छ भन्ने कुरामा सहभागीहरूसँग



*दिगो विकास लक्ष्य ४.७ मा छलफल- एनसिई जि.स.स. कैलाली*

छलफल भएको थियो । सहभागीहरूले गुणस्तरीय जीवन, गरिबी न्यूनीकरण, आयआर्जन र रोजगारी लगायत अन्य कुराका लागि समावेसी शिक्षा नै प्राथमिकता हुनुपर्ने कुरामा जोड दिएका थिए ।

# सामुदायिक अभियानमा युवा




*डुकुछापका युवाहरुद्वारा कोरोना भाइरस सन्बन्धी विद्यालयमा जनचेतनामूलक कार्यक्रम*

आफ्नो समुदायका बालबालिका र युवाहरूलाई कोरोना महामारीको बेला शिक्षामा प्रेरित गर्न र समाजमा जकडिएका विभिन्न विकृति विरूद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्न डुकुछाप ललितपुरका युवाहरूले महिनावारी सरसफाइ, युवाद्वारा लागुपदार्थको दुर्व्यसन, कोरोना भाइरसबारे जानकारी, मनोसामाजिक समस्या जस्ता विषयमा अभिमुखीकरणका साथै स्थानीय युवाहरूको सहभागितामा ढुङ्गे धारा सरसफाइ कार्यक्रम आयोजना गरेका थिए । आस्वेको सहयोगमा यहाँका युवाहरूलाई समयानुरूप क्षमता विकास र अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

युवाको नेतृत्वमा सञ्चालित यी क्रियाकलापहरूले दनुवार समुदायका महिला तथा किशोरीहरूमा सुरक्षित महिनावारी अभ्यास सम्बन्धी जनचेतना बढाएको छ भने युवाहरूमा मनोसामाजिक समस्या र व्यवस्थापन सिप सम्बन्धी जानकारी दिएको छ । साथै सीमान्तकृत समुदायका युवाहरूको सहभागितामा समुदाय स्तरीय नयाँ नयाँ क्रियाकलाप गरी सामुदायिक विकासको भावना जगाउन, युवाहरूमा नेतृत्व र समूह कार्य गर्ने सिप समेत विकास गर्न सहयोग गरेको छ ।

# एनसिई नेपालको ज्ञापनपत्र तथा अपिल

## अन्तर्राष्ट्रिय बाल दिवसको अवसरमा



NATIONAL CAMPAIGN FOR EDUCATION - NEPAL

अन्तर्राष्ट्रिय बाल दिवसको अवसरमा एनसिई नेपालले सङ्घीय प्रदेश र स्थानीय तहका सरकारलाई कोभिड-१९ ले शिक्षामा पारेको असर न्यूनिकरण गरी निरन्तर सिकाइलाई प्रवर्द्धन गर्न, विशेष गरी बालिका एवं अपाङ्गता भएका बालबालिकाका लागि उपयुक्त सिकाइ योजना ल्याई उनीहरूको शिक्षा तथा सिकाइको अधिकारमा कुनै प्रकारको विभेद हुन नदिने सुनिश्चितता गर्न, विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७ सार्वजनिक र निजी दुवै खालका विद्यालयमा प्रभावकारी कार्यान्वयनको सुनिश्चितता र अनुगमन गर्न, अभिभावक शिक्षामा जोड दिनका साथै विद्यार्थीहरूलाई मनोवैज्ञानिक परामर्श, शिक्षकलाई तालिमको व्यवस्था जस्ता विषयहरूमा अपील गरेको छ ।

उक्त अपिल तलको लिङ्क मार्फत पढ्न सकिन्छ:

https://drive.google.com/file/d/1URY7kZ1zXAOqENlQ-_3Czq5i-oB9BMmJ/view?usp=sharing

# स्थानीय तहलाई ज्ञापनपत्र



*एनसिई मकवानपुरद्वारा स्थानीय तहलाई ज्ञापनपत्र बुझाइँदै*

एनसिई मकवानपुर जिल्ला समन्वय समितिले हेटौँडा उप महानगरपालिका, राक्सिराङ्ग गाँउपालिका र मकवानपुरगढी गाँउपालिका गरी मकवानपुरका तीन स्थानीय तहको ध्यानाकर्षण गराउँदै स्थानीय तहले कुल बजेटको २० % शिक्षामा लगानी गनुपर्ने, शिक्षा अनिवार्य र निःशुल्क बनाउँदै माध्यमिक तहसम्मको सम्पूर्ण जिम्मेवारी पालिकाले लिनुपर्ने, पालिकाको शिक्षा नीति र नियमावली समय सापेक्ष परिमार्जन गर्नुपर्ने, विद्यालयमा बाल क्लव गठनसँगै अनलाइन शिक्षाको लागि डिभाइसहरुको व्यवस्था गर्नुपर्ने, सिपमूलक, आयमूलक र प्राविधिक शिक्षामा जोड दिनुपर्ने लगायतका कुरा समेटेर २४ बुँदे ज्ञापनपत्र बुझाएको छ । ज्ञापनपत्रलाई उप महानगरपालिकाका उपप्रमुख मीनाकुमारी लामा, राक्सिराङ्ग गाँउपालिकाका अध्यक्ष राजकुमार मल्ल र मकवानपुरगढी गाँउपालिकाका अध्यक्ष विदुर हुमागाईले स्वीकार गर्दै दिइएका सुझावहरूको आधारमा स्थानीय तहको सार्वजनिक शिक्षामा सकारात्मक सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।



*एनसिई कपिलवस्तुद्वारा स्थानीय तहलाई ज्ञापनपत्र बुझाइँदै*

त्यसैगरी एनसिई कपिलवस्तु जिल्ला समन्वय समितिले सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ कपिलवस्तु र शिक्षा पत्रकार समूहको संयुक्त आह्वानमा १८ बुँदे ज्ञापनपत्र जिल्लाको १० वटै स्थानीय तहमा बुझाएको छ जसमा कोरोना महामारीको कारण नेपालका ७० लाख भन्दा बढी बालबालिकाहरू प्रभावित भएको अवस्थामा बालमनोविज्ञानमा कुनै नकरात्मक प्रभाव पर्न नदिई उनीहरूको सिकाइलाई निरन्तरता दिई बालबालिकाहरूको समान, समावेशी, गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिनुपर्ने, शैक्षिक विकास तथा सिकाइ उपलब्धि वृद्धि गर्ने खालका आवश्यक नीति, कार्यक्रम र बजेट विनियोजन हुनुपर्ने र विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि पालिकाद्वारा कम्तीमा २० प्रतिशत बजेट विनियोजन गरिनुपर्ने कुरा उल्लेख गरिएको छ ।

यस सम्बन्धी लेखहरु तलको लिङ्कमा हेर्न सकिन्छः

https://pradeshsanchar.com/2020/12/24/%e0%a4%b6%e0%a4%bf%e0%a4%95%e0%a5%8d%e0%a4%b7%e0%a4%be%e0%a4%95%e0%a5%8b-%e0%a4%b5%e0%a4%bf%e0%a4%95%e0%a4%be%e0%a4%b8%e0%a4%95%e0%a4%be-%e0%a4%b2%e0%a4%be%e0%a4%97%e0%a4%bf-%e0%a4%9c%e0%a5%8d/?fbclid=IwAR0PYn-JOg9OJsOOPXSv8y2ObOEg9TeWeWslimJNc8QCghADmNEaWHxaU9U
https://samriddhasamaj.com/fbclid=IwAR3PDSQW1gEzJT9uButzmCAwx7giJRuyVX3i2_Bm0VykG8EbVIhHBHR2hX0
https://www.mayadevionline.com/2020/12/82650?fbclid=IwAR1mupTPPhM-aQZn3cAwXWZOHzYnSLV6g_fU5-V3XrNOp3k8FEEMMQE3Mgw

# एनसिई नेपालका अन्य प्रकाशन

- एनसिई नेपालले कोभिड-१९ को सन्दर्भमा प्रकाशन गरेको यस अधिका विशेष समाचारपत्रहरू लगायत एनसिईका अन्य प्रकाशन एनसिई नेपालको वेबसाइटमा तलको लिङ्कमार्फत हेर्न सकिन्छ ।

https://ncenepal.org.np/newsletters/?fbclid=IwAR2XURY_C8PQ0k8zczSn3C6SxEZ1EsvG08hM-X6v4iMOg29omE_rJXx51GU

# एनसिई नेपाल विभिन्न सञ्चार माध्यममा

## फिचर लेख प्रकाशन

नोभेम्बर र डिसेम्बर महिनामा एनसिई मकवानपुर, धनुषा, दैलेख र कपिलवस्तुद्वारा दशवटा फिचर लेख प्रकाशन भएका छन् । यी लेखमा कोभिड-१९ का कारण बन्दाबन्दी भएपछि नेपालमा ७० लाख बालबालिका औपचारिक शिक्षाबाट वञ्चित भएको र सरकारले यस्ता बालबालिकाका लागि कुनै ठोस योजना







ल्याउन नसकेको, कक्षा १ मा लागू गरिएको नयाँ एकीकृत पाठ्यक्रम बारे शिक्षकलाई तालिम नहुँदा पढाउन असहज भएको, विद्यालयमा उचित पूर्वाधार र भवनको अभाव, कक्षा ११ को नयाँ पाठ्यक्रमको अनिश्चितता, शिक्षक व्यवस्थापनको आवश्यकता, विद्यालयमा अनावश्यक राजनीतिको स्थिति, अपाङ्ग बच्चाहरूलाई निःशुल्क र समावेशी शिक्षाको पहुँच, विद्यालयले वैकल्पिक शिक्षा सहजीकरणमा गरेका उदाहरणीय अभ्यास जस्ता कुरा प्रकाशन भएका छन् ।







**प्रदेश ५ का सामुदायिक विद्यालयः कतिपय अलमलमा, कही त्रैमासिक परीक्षा लिदै**



यी जिल्लामा एनसिई नेपालले विपदको बेला सार्वजनिक शिक्षा सुदृढीकरणको लागि रेडियो, अनलाइन मार्फत बहस पैरवी कार्यक्रमका साथै विभिन्न गोष्ठी निरन्तर सञ्चालन गरिरहेको र सरोकारवालाहरूले यस्ता कार्यक्रम सकारात्मक र प्रभावकारी रहेको कुरा उल्लेख गरेका छन् ।




AAYOMAIL.COM
**स्कुलको नयाँ किताब आयो, शिक्षकलाई भने पढाउनै अलमल**
'असोज ५ गतेदेखि स्कुल खुलेको छ, पुरानो अनुभव र आफ्नै हिसाबले पठन–पा...

उक्त लेखहरू तलको लिङ्कमार्फत पढ्न सकिन्छ ।

https://www.aayomail.com/news/5514?fbclid=IwAR3enmm-dsdPd9KQ8bU9hOy2_G4HOtvGRilzNKm058TjoTeYfcN-p-zd6pY
https://www.mayadevionline.YdBEyRCRwfxT1VbRJ2cYfypUPEy5FFqEFNYmu5DOXI
https://ejanakpurtoday.vfVPtwbUulkg38YJPHCWvRdR0qdidXBvamU2RMyWcTEa0
https://ejanakpurtoday.com/22923/
https://ejanakpurtoday.com/23216/
https://www.facebook.com/nce.nepal.9/posts/1594797044057251
https://www.facebook.com/Samriddhasamaj1/posts/237774194524934

साथै यस अवधिमा एनसिई नेपालले सन्पन्न गरेको अनुसन्धान, पैरवी, गोष्ठी, बहस र अन्तरक्रियात्मक कार्यक्रमबारे पनि विभिन्न सञ्चार माध्यममा प्रकाशन भएका छन् ।




EADARSHA.COM
Learning of 64.3% children under alternative method ineffective: Study



NEPALIPATRA.COM
वैकल्पिक प्रणालीमा ६४ प्रतिशत विद्यार्थीको सिकाइ प्रभावहीन: अध्ययन



शिक्षा नीति कार्यान्वयन नभएको गुनासो - Pradesh Today
तुलसीपुर,२५ मंसिर । शिक्षा नीतिको अधिकार सुनिश्चितता गरिएपनि व्यवहारमा कार्यान्वयन नभएको कार्यक्रमका सहभागिहरुले बताएका छन् । बिहिबार ७२औं मानव...
epradeshtoday.com




BISHWASFM.ORG
७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा १ दिने अन्तरक्रिया गोष्ठी सम्पन्न



# अनलाइन कक्षा: प्रभावहीन

अध्ययनले चितवन बाहेक अन्य जिल्लाका २५ प्रतिशत विद्यालयबाट मात्रै वैकल्पिक सिकाइका लागि विद्यार्थीले सहयोग पाएको देखाएको छ ।



KATUWALKHABAR.COM
रामपुरमा शिक्षाका लागि राष्ट्रिय अभियानको युवा अभियन्ता अभिमुखीकरण - katuwalkhabar.com



# 'राजनीतिबाट टाढा हुनुपर्छ विद्यालय'




STATE7ONLINE.COM
पौढसिकाइ र शिक्षा लाई जिवनपर्यन्त बनाउँन आवश्यक - State7Online



NAJIKNEWS.COM

**दीगो विकास लक्ष्य ४.७ बारे अछाममा अन्तर्क्रिया**

दीगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्य मध्येकै ४.७ नम्बर बुँदामा समे...



DKKHABAR.COM

**नसीईको आयोजनामा सरोकारवालाबीच अन्तर्क्रिया**

...तवन । शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल जिल्ला शाखा, चितवनको आयो



SINDHUJWALA.COM

**मानवअधिकार दिवस कार्यक्रममा शिक्षाको अवस्था बारे अन्तरक्रिया**




PATHASHALAKHABAR.COM

**शिखर नगरपालिका र एन सि इ डोटीको आयोजनामा अन्तर्क्रिया सम्पन्न । - पाठशाला खबर**



SEROFERONEWS.COM

**शिक्षा र राजनीति : अभ्यास र कार्यदिशा विचार गोष्ठी सम्पन्न - Sero Fero News**



NAWALPURFM.COM.NP

**हिंसा, शिक्षा र मानवअधिकारका विषयमा सबै सचेत बन्नुपर्ने**

नवलपुर,२५ मंसिर । हिंसा, शिक्षा र मानवअधिकारका विषयमा सबै सचेत बन्नुपर्ने...

NCE NEPAL

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-६२०३००९, ०१-४२२३४२०
पो.ब.नं. : १४४२१
ईमेल : info@ncenepal.org.np
वेभसाईट : www.ncenepal.org.np